# प्रेस बिज्ञप्ति - १६९

# Press Release- 169

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौ

मिति: २०७३।०४।२६ गते ।

## ३ के.जि.५४.५ग्राम कोकिन सहित विदेशी नागरिकहरू पक्राउ:

- लागु औषध नियन्त्रण ब्यूरोद्वारा मिति २०७३।०४।२५ गते राती २१:३०बजेको समयमा पासपोर्ट नं. AA7104116 बाहक बर्ष ३२ की थाई महिला Waranya Kaewpikul लाई त्रि.अ.बि मा नियमित चेकजांचको क्रममा ३ के.जि. ५४.५ ग्राम कोकिन सहित पक्राउ गरीएको छ । निज महिला Malyasian Air को MH 115 बिमानद्वारा मिति २०७३।०४।२५ गते २३:३०बजे काठमाण्डौबाट क्वालालाम्पुर हुंदै थाईल्याण्ड जान लागेकी अबस्थामा पक्राउ परेकी हुन् । निजले फल्स बटम बनाईएको सुटकेसमा उक्त कोकिन लुकाई थाईल्याण्डमा लैजान लागेकी थिईन् ।
- 5 August 2016 (श्रावण २१, २०७३) मा RA 402 मार्फत 19:35 को समयमा नेपाल आएकी Waranya काठमाण्डौको बिभिन्न होटलहरुमा बस्दै आएकी थिईन् । निज महिलालाई थाईल्याण्डमा बस्ने नाईजेरीयन मुलको नागरिक Remmy ले यस कोकिनको कारोबार गरेबापत ७०,००० भाट दिने आश्वासन दिएका थिए । सोहि बमोजिम नेपाल आएकी निज Waranya लाई मिति 7 Aug 2016(श्रावण २३, २०७३) मा उक्त अबैध कोकिन Spanish बोल्ने एक जना बिदेशी महिलाले दिएको प्रारम्भिक सोधपुछमा खुले पश्चात ब्यूरोले तत्काल उक्त Spanish बोल्ने महिलाको खोजतलासमा गरेको थियो ।
- मिति २०७३।०४।२६ गते बिहान ०२:५५ बजेको समयमा पासपोर्ट नं. ७७५५१५३ बाहक बर्ष २९ की बोलिभियन महिला Rossy Gueddy Toledo Vallejos लाई नक्सालबाट पक्राउ गरीएको छ । थाई महिला Waranya लाई निज Rossy ले नै उक्त कोकिन सहितको सुटकेश दिएकी प्रारम्भिक अनुसन्धानबाट खुलेकोले निज Rossy लाई पक्राउ गरीएको हो ।
- उक्त कोकिन सहितको सुटकेश बोलिभियाका नागरिक Claudio Negro ले ३१ जुलाई २०१६ (श्रावण १६, २०७३)मा बोलिभियामा निज Rossy लाई दिएको थियो ।निज Rossy ले $3000 पाउने प्रलोभनमा उक्त कोकिन बोकेकी प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

बरामद भएको कोकिनको अन्तराष्ट्रिय अबैध बजार मुल्य अनुमानित रु ६ करोड १०लाख ८०हजार रहेको छ । पक्राउ परेका दुबैजनालाई लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम थप अनुसन्धान भैरहेको छ ।

•••

फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेल: ncbnepal@gmail.com


लागू औषध


लागू औषध नियन्त्रण ब्यूरो


Cocaine 3 Kg. 54.5Grm.




Rest Room
लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS
Narcotics Control Bureau
ESTD:1992
काठमाण्डौ



